# 'मखमली दरबार' गीतसङ्ग्रहमा लक्षणाको प्रयोग

**टेकनाथ दहाल**
उपप्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय
dahaltn35@gmail.com

**शोधसार**

प्रस्तुत लेख 'मखमली दरबार' गीतसङ्ग्रहमा लक्षणा शब्दशक्तिको प्रयोग के कसरी भएको छ भन्ने मुख्य विषयसँग सम्बन्धित रहेको छ । लक्षणाको प्रयोगका दृष्टिले यस सङ्ग्रहका गीतहरू कति सफल छन् र कसरी ती गीतहरूमा लक्षणाको प्रयोगलाई महत्त्व दिइएको छ भन्ने मुख्य समस्यासँग सम्बन्धित भएर यो लेख तयार पारिएको छ । यसको सैद्धान्तिक आधारका लागि पूर्वीय काव्यशास्त्रीहरूले स्थापित गरेका शब्दशक्तिको दोस्रो प्रकार लक्षणाबारेको विवेचनालाई उपयोग गरिएको छ । खासगरी ध्वन्यालोककार आनन्दवर्धन, काव्यप्रकाशकार मम्मट र साहित्यदर्पणकार विश्वनाथका मान्यताहरूलाई यहाँ सैद्धान्तिक आधारका रूपमा लिइएको छ । गीतहरूको छनोटका लागि नमुना छनोट विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनमा पुस्तकालय विधिलाई उपयोग गरिएको छ अनि सामग्रीको विश्लेषणका लागि व्याख्यात्मक/विश्लेषणात्मक विधिलाई आत्मसात् गरिएको छ । अज्ञातका गीतहरूमा लक्षणाको प्रयोगलाई निकै महत्त्वका साथ प्रयोग गरिएको छ । गीतमा व्यञ्जनाको प्रयोग त्यति उपयुक्त नहुने र अभिधाको प्रयोग पनि त्यति प्रभावकारी नहुने सन्दर्भमा लक्षणाको प्रयोग सर्वाधिक उपयुक्त हुने कुरा स्वाभाविक छ । अज्ञातले आफ्ना गीतमा रूढि, प्रयोजनवती, शुद्धा, गौणी, उपादान, लक्षण, सारोपा, साध्यवसानाजस्ता लक्षणाको प्रयोग यथेष्ट रूपमा गरेका छन् । उनका गीतमा लक्षणापञ्चकको प्रयोग निकै सघनताका साथ भएको छ ।

**शब्दकुञ्जी**- लक्षणा, प्रयोवनवती, गौणी, सारोपा, साध्यवसाना, अन्तरा, उपादान

## १. विषय परिचय

वसन्तराज अज्ञात नेपाली समकालीन गीत लेखनका एक ऊर्जावान गीतकार हुन् । वि.सं. २०२९ पुस १५ गते माता मैथकु श्रेष्ठ तथा पिता लालबहादुर श्रेष्ठका पुत्रका रूपमा खोटाङ जिल्लाको चिउरीडाँडा वडा नं. ६ (हाल : दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं. ८) दोबेलामा जन्मिएका अज्ञातको औपचारिक अध्ययन वाणिज्यशास्त्रमा स्नातकसम्म रहे पनि उनको रुचि भने गीत लेखनतिर रहेको थाहा पाइन्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानमा कम्प्युटर चालक (डिजाइनर) का रूपमा कार्यरत अज्ञात मूलतः पुस्तक तथा साहित्यिक पत्रिकाहरूको आवरण सजावटका निम्ति विशेष प्रसिद्ध छन् भने उनले आधा दर्जन पत्रिकालाई **नियमित रूपमा** सम्पादनसमेत गर्दै आएका छन् । यसका अतिरिक्त अनेक साहित्यिक पुस्तकहरूको सम्पादन पनि उनले गरेका छन् ।

हालसम्म अज्ञातका दुईवटा गीतसङ्ग्रह 'सपना सजाएर आँखाभरि' (२०६३) र 'मखमली दरबार' (२०६९) प्रकाशित छन् भने एउटा हाइकुसङ्ग्रह 'साँझको जून' (२०७९) पनि प्रकाशित भएको छ । पहिलो गीतसङ्ग्रहमा सतसट्ठीवटा गीतहरू सङ्गृहीत छन् भने 'मखमली दरबार'मा बहत्तरवटा गीतहरू सङ्गृहीत छन् । यसरी हेर्दा उनका झन्डै सात बिस गीत प्रकाशित छन् र त्यसमध्ये केहीले रेकर्डिङमार्फत सङ्गीत पनि प्राप्त गरिसकेका छन् ।

लक्षणाशक्ति शब्दशक्तिको दोस्रो प्रकार हो । शब्दमा रहने शक्ति नै मूलतः शब्दशक्ति भएको र शब्दले व्यक्त गर्ने अर्थ नै त्यसको शक्ति भएकाले शब्दशक्तिको तात्पर्य शब्दको अर्थबोध गराउने शक्ति भन्ने हुन्छ । कुनै शब्दले सीधा अर्थ व्यक्त गर्दछ भने कुनै शब्दको प्रयोग स्वाभाविक हुँदाहुँदै पनि त्यसको अर्थ चाहिँ अस्वाभाविक हुने गर्दछ अर्थात् स्वाभाविक अर्थ लगाउँदा वाक्यकै अर्थको अनर्थ हुन्छ । त्यसैले पूर्वीय काव्यशास्त्री र वैयाकरणहरूले शब्दको सङ्केतित अर्थका अतिरिक्त अन्य अर्थको पनि अस्तित्वलाई स्वीकार गरेका छन् र त्यसको व्याख्या विवेचना गरेका छन् । त्यस्ता शब्दशक्ति तीन प्रकारका रहेका छन्- अभिधा, लक्षणा र व्यञ्जना । यस लेखमा पूर्वीय काव्यशास्त्रद्वारा व्याख्या गरिएको शब्दशक्तिको दोस्रो प्रकार लक्षणाका आधारमा वसन्तराज अज्ञातको दोस्रो गीतसङ्ग्रह 'मखमली दरबार' भित्रका प्रतिनिधि गीतहरूको व्याख्या गरिएको छ ।

## २. समस्या र उद्देश्यको छनोट

साहित्य भन्नु मूलतः सर्जकको आलङ्कारिक अभिव्यक्ति हो र त्यसको आकार विधाशास्त्रीय मान्यताद्वारा निर्देशित हुन्छ । साहित्यिक विधाहरू पूर्वस्थापित विधाशास्त्रीय मान्यतामा आधारित हुन्छन् । कविता लेखेर उपन्यासकार बन्न नसकेजस्तै गीत लेखेर महाकाव्यकार पनि बन्न सकिँदैन । कुनै गीतलाई महाकाव्य भन्न नसकिएजस्तै कथालाई उपन्यास भन्न पनि सकिँदैन । तथापि गीतको भाषामा अन्य साहित्यिक विधाका तुलनामा व्यञ्जनाको प्रयोग कम अपेक्षित रहेको देखिन्छ । गीतमा लक्षणाको सार्थक प्रयोग हुने गरेको छ र त्यसका तुलनामा अभिधाको प्रयोग धेरै भए पनि चर्चित गीतहरूमा लक्षणाको प्रयोग यथेष्ट भएको पाइन्छ । गीतकार वसन्तराज अज्ञातका गीतमा लक्षणा शब्दशक्तिको प्रयोग के कसरी भएको छ भन्ने मूल समस्यामा यो लेख केन्द्रित रहेको छ । यसका अतिरिक्त लक्षणाको प्रयोगमा देखिएका विविधताहरू उनका गीतहरूमा कसरी घटित भएका छन् भन्ने पनि प्रस्तुत लेखको समस्या रहेको छ । तसर्थ वसन्तराज अज्ञातको गीतसङ्ग्रह 'मखमली दरबार'भित्रका गीतहरूमा लक्षणा शब्दशक्तिको प्रयोगको समीक्षा गर्नु तथा लक्षणाको प्रयोगमा देखिएका विविधताबारे निर्क्योल गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## ३. अध्ययन विधि

प्रस्तुत लेख तयार पार्न व्याख्यात्मक विधिलाई अनुशरण गरिएको छ । गीतहरूको छनोट गर्दा नमुना छनोट विधिलाई आत्मसात् गरिएको छ । लक्षणा मूलतः शब्दकेन्द्रित वृत्ति भएकाले समग्र गीतमा लक्षणाको प्रयोग असम्भवजस्तै लाग्ने गरेको छ । समग्र गीतले व्यक्त गर्ने प्रतीयमान अर्थ लक्षणा नभएर व्यञ्जनाप्रधान हुन्छ । त्यसैले कुनै गीतको व्याख्या गर्दा गीतभित्रको खास कुनै स्थायी या अन्तरामा अध्ययनलाई केन्द्रित गरिएको छ । अध्ययनको सैद्धान्तिक आधारका लागि सामग्रीहरूको छनोट पुस्तकालय विधिद्वारा गरिएको छ र त्यसका निम्ति पूर्वीय काव्यशास्त्रीहरू आनन्दवर्धन, मम्मट तथा विश्वनाथका विचारहरूलाई सैद्धान्तिक आधारका रूपमा प्रस्तुत गरिएको छ । उनका विचारहरू अज्ञातका गीतहरूमा कसरी घटित भएका छन् भनेर निर्क्योल गर्न व्याख्यात्मक विधिलाई उपयोग गरिएको छ ।

## ४. सैद्धान्तिक आधार

भाषा भन्नु मूलतः शब्द तथा वाक्यले व्यक्त गर्ने अर्थहरूको समष्टि रूप हो । यसभित्र शब्ददेखि सङ्कथनसम्म पर्दछन् । शब्दभन्दा तल्ला भाषिक एकाइहरू कोश र व्याकरणमा मात्रै अस्तित्ववान रहने भएकाले व्यवहारतः शब्दको तहदेखि माथि सङ्कथनसम्म भाषाको प्रमुख क्षेत्र मानिने गरेको छ । त्यसमा पनि वाक्य र त्यसले व्यक्त गर्ने अर्थ चाहिँ भाषाको सबैभन्दा रचनात्मक, यथार्थ, मौलिक र महत्त्वपूर्ण छ किनभने संवादक्रियामा केवल वाक्यार्थ मात्रै प्रबल हुन्छ र त्यो नै भाषा सम्प्रेषणको प्रमुख साध्य पनि हो । तर शब्दले वस्तुको बोध गराउने भएकाले वाक्यार्थभिन्न शब्दार्थको पनि भाषामा महत्त्वपूर्ण स्थान रहेको छ ।

शब्द/पद र वाक्य अनि त्यसको अर्थका बारेमा पूर्वीय व्याकरण र दर्शनका अतिरिक्त साहित्यकारहरूले पनि गम्भीर व्याख्या विवेचना गरेका छन् । उनीहरूले विभिन्न सन्दर्भमा प्रयोग हुने शब्द/वाक्यका विविध अर्थहरूलाई मिहिन ढङ्गले अध्ययन गरेका छन् । शब्दहरूमा रहने शक्तिलाई शब्दशक्ति भनिए पनि वाक्यार्थलाई पनि त्यसभित्र समावेश गरेर साहित्यमा प्रयोग हुने प्रतीयमान अर्थका सम्भावनाहरूमाथि भाषाशास्त्रीय दृष्टिकोण प्रस्तुत गर्नु उनीहरूको प्रमुख कार्य मानिन्छ । शब्दशक्तिलाई तीन प्रकारमा विभाजन गरेर अभिधा र लक्षणालाई शब्दका तहमा र व्यञ्जनालाई वाक्य हुँदै सङ्कथनका तहमा व्याख्या विवेचना गर्नु साहित्यशास्त्रीहरूको महत्त्वपूर्ण उपलब्धि हो ।

आलोचना अर्थमा 'लक्ष्' धातुमा 'ल्युट' प्रत्यय लागेपछि 'लक्षण' शब्द बन्दछ र त्यसमा 'टाप' प्रत्यय लागेर 'लक्षणा' शब्द निर्माण भएको हुन्छ । जुन शब्दशक्तिद्वारा अन्य अर्थ लक्षित हुन्छ त्यसैलाई लक्षणा भनिन्छ । शब्दमा रहने शक्ति अर्थात् वाच्यार्थ नै शब्दशक्ति हो । शब्दले व्यक्त गर्ने वाच्यार्थले अरु कुनै दोस्रो अर्थतिर सङ्केत गर्दछ भने त्यसरी सङ्केतद्वारा अर्थ व्यक्त गर्ने शक्तिलाई लक्षणा भनिन्छ (विश्वेश्वर : २०४२:५१) । लक्षणा मूलतः शब्दव्यापार हो ।

पूर्वीय काव्यशास्त्रमा शब्दार्थ विवेचनका निम्ति शब्दशक्तिको अवधारणा निकै महत्त्वपूर्ण मानिन्छ । शब्दार्थको विवेचना व्याकरण र विभिन्न दर्शनमा भए पनि त्यसमा समेटिन नसकेका लक्ष्यार्थ तथा व्यङ्ग्यार्थबारेको व्याख्या विवेचना काव्यशास्त्रमा भएको छ । शब्दशक्ति मूलतः तीन प्रकारका मानिएका छन्- वाचक, लक्षक, व्यञ्जक अनि त्यसले व्यक्त गर्ने अर्थ पनि तीन प्रकारका मानिएका छन्- वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ । अभिधालाई मुख्य वृत्ति मानिए पनि साहित्यमा अभिधाको भन्दा लक्षणाको र लक्षणाको भन्दा व्यञ्जनाको भूमिका महत्त्वपूर्ण मानिन्छ । लक्षणालाई शब्दमा आरोपित शक्ति मानिन्छ किनभने प्रत्यक्षतः अर्थगत हुँदाहुँदै पनि अर्थद्वारा अविनाभाव रूपबाट सम्बद्ध शब्दसँग पनि परस्पर या संसक्त रहनु सक्नु लक्षणाको विशेषता हो । अभिधालाई मुख्य वृत्ति मानिएजस्तै लक्षणालाई गौणी वृत्ति मानिएको छ । किनभने लक्ष्यार्थको प्रतीति मुख्यार्थबोध सापेक्ष हुन्छ (मिश्रः २०४३: ३४४) । अर्कोतर्फबाट भन्दा लक्षणालाई अर्थनिष्ठ वृत्ति पनि भनिन्छ । लक्षणाको अर्थ क्षेत्र न व्यञ्जनाको जस्तो फराकिलो हुन्छ न अभिधाको जस्तो पूरै सङ्कुचन । फेरि पनि साहित्यमा लक्षणाको प्रयोगले अभिव्यक्तिसौन्दर्य थप्ने कार्य गर्दछ ।

जुन शब्दमा जुन अर्थको वाचक हुन्छ सदैव त्यही अर्थका निम्ति त्यही शब्दको प्रयोग हुन्छ भन्ने छैन । यदाकदा नियत अर्थभन्दा भिन्न अर्थका लागि पनि त्यस्ता शब्द प्रयोग गरिएका हुन्छन् । यस्तो प्रवृत्ति साहित्यरचनामा मात्रै होइन लोकव्यवहारमा पनि घटित हुन्छ । जब शब्दले साक्षात् सङ्केतित अर्थ बुझाउन असमर्थ हुन्छ तब विविक्षित अर्थको ढोका खुल्दछ । त्यस्तो विवक्षित अर्थ साक्षात् सङ्केतित अर्थबाट धेरै टाढा हुँदैन । त्यही विवक्षित अर्थको एउटा प्रकार नै लक्ष्यार्थ हो । लक्ष्यार्थ व्यक्त गर्ने शक्ति चाहिँ लक्षणा हो । अभिधा शक्तिद्वारा बोध्य सङ्केतित अर्थमा बाधा उत्पन्न भएपछि त्यसैसँग सम्बद्ध रुढी तथा प्रयोजनीय प्रतीति गराउने शक्तिलाई लक्षणाशक्ति भनिन्छ (मम्मटः २/९) । लक्षणा हुनका लागि अन्वय/तात्पर्यको अनुपपत्ति, मुख्यार्थ र लक्ष्यार्थबिचको सम्बन्ध तथा रुढ र प्रयोजनद्वारा

अन्य अर्थ लक्षित हुन आवश्यक छ । लक्षणाका बारेमा आनन्दवर्धनपछिका प्रायः आचार्यहरूले कुनै न कुनै रूपमा चर्चा गरे पनि त्यसपूर्वका आचार्यहरूले खासै चर्चा गरेको पाइँदैन ।

लक्षणाको रुढी र प्रयोजनवती गरी दुई प्रकार रहेका छन् । लोक-व्यवहारको प्रसिद्धिलाई रुढि भनिन्छ भने कुनै विशेष उद्देश्य वा प्रयोजनका लागि प्रयोग गरिनेलाई प्रयोजनवती भनिन्छ । सादृश्य सम्बन्धमा निर्भर तथा सादृश्य सम्बन्धलाई छोडेर अन्य कुनै सम्बन्धमा निर्भर भएका आधारमा प्रयोजनवती लक्षणाका पनि दुई भेद रहेका छन्- गौणी र शुद्धा । गौणी लक्षणालाई सारोपा र साध्यवसाना गरी दुई भागमा पुनः विभाजित गरिएको छ भने शुद्धालाई उपादान र लक्षण गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ र पुनः न सारोपा र साध्यवसाना दुई भागमा विभाजन गरिएको छ । यसरी लक्षणाका सात भेद रहेका छन् ।

**५. मखमली दरबारमा लक्षणा शक्ति**

अज्ञातको दोस्रो गीतसङ्ग्रह ‘मखमली दरबार’ शीर्षक नै लाक्षणिक छ । दरबार मूलतः शासनको बिम्ब हो । यसका अतिरिक्त भव्यता र सुखसयलको अर्को प्रतीक पनि हो दरबार । आम मानिसको घरभन्दा आकार, सुविधा, क्षेत्रफल, विलासिता तथा सजिसजावटभन्दा भव्य हुने भएकाले आवास भईकन पनि यसले भिन्न नाम प्राप्त गरेको छ । शासन नरम हुनु भनेको शासक फितलो हुनु हो । दरबारको विशेषणका रूपमा प्रयुक्त मखमली आफैँमा नरमपनको बिम्ब हो । यसरी मखमली दरबारले नरम शासक तथा सुखसयलको भव्यता वा मनोरञ्जन लक्ष्यार्थ व्यक्त गरेको छ । गीतसङ्ग्रह नामकरण यस्तो लक्ष्यार्थपूर्ण पदावली राख्नुको औचित्य हृदयको त्यस्तो गुञ्जन जसमा कान्तासम्मित उपदेशवत तर सौन्दर्यको आभास दिलाउने र सदैव मनोरञ्जनको अवसर पनि दिइराख्ने गीतहरूले सिद्ध गर्छ । त्यस्तो मखमली दरबार जहाँ हरदम शासकहरूका निम्ति महफिल बनेको हुन्छ । तसर्थ प्रस्तुत गीतसङ्ग्रह आफैँमा एउटा महफिल पनि बनेकाले शीर्षक नै लक्ष्यार्थयुक्त छ ।

प्रस्तुत गीतसङ्ग्रहभित्र बहत्तरवटा गीतहरू सङ्गृहीत छन् । २०६९ सालमा प्रकाशित यस गीतसङ्ग्रहमा विषयगत विविधता पर्याप्त मात्रामा देख्न सकिन्छ । खासगरी प्रेम, देशभक्ति, मातृभूमिप्रतिको ममता, जीवनबोध जस्ता अनेक विषयहरू समेटिएका छन् । अभाव र शक्तिहीनहरूको मार्मिक कथालाई पनि गीतमा बुनिएको छ ।

**५.१. सारोपा गौणी लक्षणा**

सादृश्य सम्बन्धका आधारमा एक अर्थमाथि अर्को अर्थको आरोप लगाइएको छ भने सारोपा गौणी लक्षणा हुन्छ जसमा आरोपको विषय र आरोप्यमाण वस्तु दुवै प्रधान रहन्छन् (मम्मट : २/१४) । विषय र विषयीबिच अभेद प्रतीति हुनु सारोपा गौणी प्रयोजनवती लक्षणाको विशेषता हो-

राग बनी फेरि उस्तै तिमी ममा छायौ
बिर्सिएको प्रीतिधुनमा मधुर गीत गायौ
- केके केके पृ.२३

यस गीतमा तिमी (प्रेमिका) लाई सङ्गीतको रागसँग सादृश्यसम्बन्ध देखाइएको छ । राग मूलतः सङ्गीतको त्यस्तो एउटा गायन प्रक्रिया हो जसले आनन्दको उस छोर पुऱ्याउँछ । एकातिर त्यो आनन्दलाई प्रेमिकासँग सादृश्यसम्बन्ध देखाइएको छ भने अर्कातिर प्रीतिधुन र गीतका बिचमा पनि सादृश्यसम्बन्ध छ । तिमी र राग तथा प्रीतिधुन र मधुरगीतबिच अभेद प्रतीति भएको छ । यहाँ नायकले नायिककालाई तिमी सम्बोधन गरेको छ र सङ्गीतशास्त्रको ‘राग’ जो आफैँमा स्वर र आकर्षक ध्वनिहरूको विशेष संयोजन हो त्यसलाई ‘तिमी’ मा आरोप गरिएको छ । यहाँ आएपछि ‘राग’ शब्दको वाच्यार्थमा बाधा सिर्जना भएको छ । ‘राग’ ‘तिमी’ अर्थात् प्रेमिका (मान्छे) कहिल्यै बन्न सक्दैन । त्यसैले

'राग' शब्दको तात्पर्य 'राग' जस्तै आनन्द प्रदान गर्न सक्ने भन्ने हुन्छ । आफूले मन पराएको वा प्रेम गरेको प्रेमिकालाई प्राप्त गर्दा हुने आनन्द नै यहाँ 'राग' मा आरोपित छ । प्रेमिकालाई रागजस्तै आनन्द दिने अर्थ रूपमा प्रस्तुत गर्नु गीतांशको उद्देश्य वा प्रयोजन रहेको छ । त्यस्तै अवस्था दोस्रो पङ्क्तिमा पनि देख्न सकिन्छ । अर्को उदाहरण हेरौँ-

युवा भन्नु देशको खम्बा, देशको सान-मान
सारा युवा एक हुन होस्टे-हैँसे अभियान
- बूँद बूँद मिल्यो, पृ.२१

प्रस्तुत उदाहरणमा युवा, देशको खम्बा र देशको सान-मानबिच अभेद सम्बन्ध देखाइएको छ । सामान्यतया कुनै भारयुक्त वस्तुलाई अड्याउनका लागि आड दिने सोझो वस्तु 'खम्बा' हो र त्यस्तो निर्जीव वस्तु युवा हुन सक्दैन । सान-मानको अर्थ इज्जत-प्रतिष्ठाजस्तो अमूर्त वस्तु भएको र युवा भन्नु चाहिँ मूलतः मूर्त नै भएकाले मूर्तको प्रतिनिधि अमूर्त बन्न सक्दैन तापनि यहाँ युवालाई 'खम्बा' र 'सानमान' दुवैको रूपमा चित्रण गरिएको छ । खम्बाले वस्तुलाई अड्याएजस्तै युवाले देशको संरक्षण गर्दछन् । खम्बाले वस्तुलाई चल्न नदिएजस्तै युवाले देशमाथि आइपर्ने सङ्कटलाई रोक्न सक्दछ । इज्जत-प्रतिष्ठाले कुनै व्यक्ति वा वस्तुको गरिमा बढाएजस्तै युवाले देशको गरिमा बढाउँछन् । यसरी समान गुण-धर्मका आधारमा युवा, खम्बा र सान-मानबिच अभेद सम्बन्ध देखाइएकाले यहाँ प्रयोजनवती गौणी लक्षणा रहेको छ ।

**५.२.साध्यवसाना गौणी लक्षणा**

विषयको कथन नभएर केवल आरोप्यमान वस्तुको कथनद्वारा विषय र विषयी दुवैको तादात्म्यबोध हुन्छ भने त्यसलाई साध्यवसाना गौणी प्रयोजनवती लक्षणा भनिन्छ । विषयीको कथनद्वारा विषयी र विषयबिच अभेदबोध देखाउनु नै साध्यवसाना लक्षणा हो । अर्को तरिकाबाट भन्दा आरोप्यमान या अप्रस्तुत वस्तुले प्रस्तुत वस्तुलाई आत्मसात् गरेर अन्यर्थको बोध गराउँछ भने साध्यवसाना लक्षणा हुन्छ-

आँधीसँग लड्ने शक्ति तिमीलाई मिलोस्
जस्तै बाधा आए पनि तिमीसँग झुकोस्
-आँधीसँग लड्ने, पृ. १३

यहाँ 'आँधी' शब्द विषयीका रूपमा आएको छ र त्यसको विषय चाहिँ जीवनमा आइपर्ने सङ्कट वा समस्या हो । 'आँधी' शब्दको वाच्यार्थ गर्दा तात्पर्यको अनुपपत्ति हुन्छ किनभने आँधीसँग न लड्न सकिन्छ न सामना नै गर्न सकिन्छ । गीतको आशय पनि यससँग मेल खाँदैन । यहाँ जीवनको सङ्कट वा समस्यालाई आँधीमा आरोप गरिएको छ । जीवनको सङ्कट वा समस्याजस्तो आरोप्यमान वा अप्रस्तुत वस्तुले प्रस्तुत आँधीलाई आत्मसात् गरेर अभेद प्रतीति गराउन सफल भएको छ र त्यसबाट अन्यार्थको बोध पनि भएको छ । अन्तराको दोस्रो पङ्क्तिमा बाधा र झुकोस् क्रियाबिच सङ्गतिको अभाव छ । झुक्नु क्रियाको कर्ता सजीव मात्रै हुन्छ तर बाधाजस्तो अमूर्त वस्तुसँग यसको सहप्रयोगले अन्वयानुपपत्ति भएको छ । तब यहाँ झुकोस् क्रियाको अन्यार्थ गर्न आवश्यक छ । यहाँ 'झुकोस्' क्रियाको तात्पर्य 'केही नगरोस्' या 'असर नपरोस्' या 'विचलित र कमजोर पार्न नसकोस्' भन्ने हुन्छ ।

**५.३. शुद्धा उपादान साध्यवसाना**

आरोप नगरेर केवल आरोप्यमान अथवा विषयी वा अप्रस्तुतको कथन भएमा र त्यसबाट नै आरोप र आरोप्यमानको अभेद सम्बन्धको प्रतीति भएमा शुद्धा उपादान साध्यवसाना हुन्छ । मखमली दरबार गीतसङ्ग्रहभित्रका गीतहरूमा यस प्रकारको लक्षणाको पनि प्रयोग गरिएको छ-

गाउँबस्ती रूपै फेर्छ युवाशक्ति जुटे
मातृभूमि रोइदिन्छ, भाइभाइ फुटे
- शान्ति सद्भाव, पृ. ९

यहाँ गाउँबस्तीको अर्थ केवल गाउँबस्ती नभएर समग्र देश पनि हो र त्यसले सहरसमेतलाई बोध गराएको छ । त्यस्तै मातृभूमि रोइदिन्छ वाक्यांशको वाच्यार्थमा बाधा परेकाले त्यस वाक्यांशको अर्थ देश पछाडि पर्छ भन्ने हुन्छ । भाइ भाइ फुटे वाक्यांशले पनि वाच्यार्थ नबुझाएर समग्र देशवासीलाई बुझाएको छ । यसरी यस अन्तराको वाच्यार्थ युवा जुटे देश बन्छ र देशवासी आपसमा झगडा गर्न थाले देश पछाडि पर्छ भन्ने अर्थ लाग्दछ । 'गाउँबस्ती' शब्द समग्र देशको प्रतिनिधित्व मात्रै हो आरोपै चाहिँ होइन । आरोप रूपकमा मात्रै हुन्छ र त्यसका लागि उपमान र उपमेयबिच समान धर्म हुन आवश्यक छ । आरोप नगरी अप्रस्तुत वा विषयीको कथन भएर पनि आरोप र आरोप्यमानबिच अभेद सम्बन्धको प्रतीति यहाँ देख्न सकिन्छ । गाउँबस्ती समग्र देशको आरोप होइन प्रतिनिधित्व मात्रै हो किनभने गाउँबस्ती र समग्र देशबिच कुनै सादृश्य सम्बन्ध वा समान धर्म छैन । फेरि पनि गाउँबस्तीले समग्र देशलाई बुझाएको छ । यहाँ गाउँबस्ती र समग्र देश तथा भाइभाइ र देशवासीका बिच अभेद सम्बन्धको प्रतीति भएको छ ।

### ५.४. शुद्धा उपादान सारोपा लक्षणा

सामान्यतया सादृश्य सम्बन्धभिन्न कुनै सम्बन्धमा आधारित भएर प्रस्तुत वा अप्रस्तुत दुवै अङ्गको उल्लेख गर्दै एकअर्कामा आरोप गरिएको छ भने त्यस्तो लक्षणालाई शुद्धा उपादान सारोपा लक्षणा भनिन्छ । उपादान लक्षणामा कुनै पदको अर्थले आफ्नो मूल रूपलाई सुरक्षित राख्दै वाक्य सिद्धि वा सङ्गतिका लागि बाधित वा असङ्गत कुनै दोस्रो अर्थलाई ग्रहण गर्दछ । मुख्यार्थको अन्वयमा व्यवधान आएपछि मुख्य अर्थले आफ्नो अर्थ परित्याग नगरिकनै अन्य बाधित वा असङ्गत अर्थलाई ग्रहण गरेर आफ्नो अन्विति सिद्ध गर्दछ । त्यसैले शुद्धा उपादान सारोपा लक्षणालाई अजहत्स्वार्थ वृत्ति भनिन्छ-

पसिनाको धारो बगाइ बाँच्न चाहन्छु
परिआए भेलबाढी सारा सहन्छु
- इमान बेचेर, पृ. १५

यस अन्तराको पहिलो पङ्क्तिमा प्रयुक्त 'पसिनाको धारो'ले 'परिश्रम' अर्थ व्यक्त गरेको छ । खासमा पसिनाको धारा भन्ने हुँदैन । परिश्रम गरेपछि पसिना आउँछ । तसर्थ 'परिश्रम' र 'पसिना'बिच आधार-आधेय सम्बन्ध रहेको छ । यही स्थिति दोस्रो पङ्क्तिमा देखिँदैन । 'भेलबाढी सहन्छु' भन्दा वाच्यार्थमा बाधा सिर्जना भएको छ किनभने मानिस या त भेलबाढीबाट टाढा रहन्छ या त भेलबाढीसँगै बगेर जान्छ । भेलबाढी सहेर बस्दैन । तब 'भेलबाढी'को अर्थ हुन्छ- 'सङ्कट वा जीवनको जटिलता' । 'सङ्कट' र 'भेलबाढी'बिच सामीप्य सम्बन्ध रहेको छ । भेलबाढी आफैँमा एउटा सङ्कट भए पनि भेलबाढी मात्रै सङ्कट होइन । यहाँ माथिल्लो पङ्क्तिमा 'पसिनाको धारो'ले उपादान गरेर 'परिश्रम' अर्थ निर्धारण गरेको छ भने दोस्रो पङ्क्तिमा पनि भेलबाढी शब्दले उपादान गरेर जीवनको जटिलता वा सङ्कट अर्थ निर्धारण गरेको छ ।

### ५.५. शुद्धा लक्षण लक्षणा सारोपा

मुख्यार्थको अन्वयमा बाधा भएपछि मुख्यार्थले आफ्नो स्थान छोडेर मुख्यार्थसँग सम्बद्ध अन्य अर्थ बोधगत हुन्छ भने लक्षण लक्षणा सारोपा हुन्छ । यसबारेमा आचार्य विश्वनाथले लेखेका छन्- जुन शक्तिद्वारा कुनै शब्दको मुख्यार्थ कुनै वाक्यार्थमा आफ्नो स्वरूपलाई यस कारण सर्वथा परित्याग गरिएको हुन्छ जसबाट त्यसभिन्न तर कुनै न कुनै सम्बन्ध भएको कुनै अर्थको युक्तियुक्त समन्वय स्थापित भएको

होस् र त्यसका निम्ति मुख्यार्थ लक्ष्यार्थको एक मात्र उपलक्षक बन्छ, त्यसलाई लक्षण लक्षणा शक्ति भनिन्छ (विश्वनाथ २/७) । अर्को अर्थमा भन्दा अनुपपन्न हुनेवाला मुख्यार्थभिन्न अर्थका लागि मुख्यार्थको आत्मसमर्पण/स्वार्थपरित्यागपूर्वक परार्थको अभिधायिका वृत्ति नै लक्षण लक्षणा हो । अर्को अर्थमा भन्दा प्रस्तुत- अप्रस्तुत दुवैलाई शब्दतः कथन भयो र दुवैबिच सादृश्येतर कुनै सम्बन्ध भएमा लक्षण लक्षणा सारोपा हुन्छ (मिश्र:२०४२:३५१) । उपादानको विपरीत लक्षण लक्षणा रहेको हुन्छ-

तिमी फूल, तिमी जून, सारङ्गीको धुन तिमी
जिन्दगी यो सजाउने अकबरी सुन तिमी

- फुलिरहोस् मुहारमा, पृ. ३९

यस उदाहरणमा प्रस्तुत र अप्रस्तुत दुवै एक साथ आएको छ । यहाँ फूललाई तिमीमा आरोप गरे पनि फूलले आफ्नै अर्थ परित्याग गरेर भिन्न सुन्दर भन्ने अर्थ आत्मसात् गरेको छ । जून र तिमीको अवस्था पनि त्यस्तै देखिन्छ किनभने तिमी रूप प्रेमिका न फूल बन्न सक्दछे न जून बन्न सक्दछे न सारङ्गीबाट निस्किएको धुन बन्न सक्दछे र अन्त्यमा सुन पनि बन्न सक्दिन । त्यसैले यहाँ मुख्यार्थमा बाधा भएको छ । तिमी उपमान र फूल/जून/धुन र सुन उपमेय दुवै भएर पनि यहाँ उमपेयको स्वार्थमा व्यवधान आएको छ । तसर्थ उपमेयले अन्यार्थ व्यक्त गरेको छ । यस अन्तराको दोस्रो पङ्क्तिको ‘सुन’ले मूल्यवान भन्ने अर्थ अभिव्यक्त गरेको छ ।

### ५.६. शुद्धा लक्षण लक्षणा साध्यवसाना

केवल आरोप्यमान शब्दको कथनद्वारा विषयभूत अर्थको बोध भएमा साध्यवसाना लक्षण लक्षणा हुन्छ (मिश्र : २०४३ : ३५१) । यसमा विषय-विषयी वा उममेय-उपमानमध्ये एउटाको मात्रै कथन भएर अर्को स्वतः त्यसैमा अध्यावसान हुन्छ भने त्यसलाई साध्यवसान लक्षणा भनिन्छ (थापा : २०५०:२३६) । अध्यावसानको अर्थ हुन्छ- आरोप विषय नै आरोप्यमाण विषयमा अन्तर्लय हुनु जसमा आरोप विषयको स्वरूप भिन्न प्रतीति नहोस् । फेरि पनि मुख्यार्थको तात्पर्य/अन्वयमा बाधा हुनु तथा मुख्यार्थसँग सम्बद्ध अन्यार्थको बोध हुनु लक्षण लक्षणा साध्यवसानाको परिचय बन्दछ-

आशा देखाउँछ सहरले
प्यासा बनाउँछ सहरले
सपना देखाइ दिनरात
सदा उल्झाउँछ सहरले

- सहरमा अनेक, पृ.७९

यस उदाहरणमा आएका चारै पङ्क्तिको मुख्यार्थमा बाधा आएको छ । सहरले आशा देखाउन सक्दैन । सहरले प्यासा पनि बनाउन सक्दैन । न सहरले दिनरात सपना देखाउन सक्छ न कुनै सहरले मानिसको गतिलाई अल्झाउन सक्दछ । यहाँ आशाको अर्थ सम्भावना गर्दा उपयुक्त हुन्छ भने प्यासाको अर्थ तिर्खाएको नभएर असीमित आकाङ्क्षामा भौंतारिन बाध्य पार्ने भन्ने हुन्छ । त्यस्तै सपनाको अर्थ क्रियाशील र सङ्घर्षशील भन्ने हुन्छ भने उल्झाउनुको अर्थ आशातीत सफलता प्राप्त गर्न दिँदैन भन्ने हुन्छ । यहाँ आशा शब्दभित्र सम्भावना अर्थ पनि साथसाथै अन्तर्भूत भएको छ ।

### ५.७. रूढि लक्षणा

रूढिको अर्थ हुन्छ परम्परादेखि चल्दै आएको । अर्को अर्थमा भन्दा लोकव्यवहारमा चल्दै आएको वा लोकप्रसिद्धिलाई रूढि भनिन्छ । मुख्यार्थमा बाधा भएर पनि थाहा नपाइनु वा मुख्यार्थमा बाधा भएको नै थाहा नपाइनु रूढिको विशेषता हो किनभने वक्ताले भाषा सिक्दादेखि नै त्यस प्रकारको प्रयोग गर्न अभ्यस्त हुँदै आएको हुन्छ-

म त आफ्नै पाखुरीमा बाँच्न चाहन्छु
परिआए आँधी-हुरी सारा सहन्छु
- इमान बेचेर पृ. १५

यहाँ पाखुरीमा बाँच्ने जस्तो भाषिक प्रयोग हाम्रो जनबोलीमा पर्याप्त सुन्न सकिन्छ । त्यस्तै आँधी-हुरी सहने प्रयोग पनि स्वाभाविक सुनिन्छ । यी पदहरूको विवक्षित अर्थ भए पनि लोकव्यवहारमा स्वाभाविक रूपमा प्रयोग हुने गरेकाले यस्तो खालको लक्षणालाई रूढि लक्षणा भनिन्छ ।

**६. अज्ञातका गीतहरूको अन्तर्वस्तु**

वसन्तराज अज्ञात वर्तमानमा रमाउन चाहने मान्छे हुन् (अज्ञातः २०६९:३) तापनि उनी सफलताको भऱ्याङ चढ्न नसक्दा विस्मित छन् । जीवनको सत्यासत्यमा उनी रन्थनिएका छन् र त्यो रन्थनाइ उनका गीतमा पनि देख्न सकिन्छ । जीवनको मन्द सफलताप्रतिको मन्द असन्तुष्टि पनि उनका गीतमा छन् । जीवनमा निरन्तर आइरहने परिवर्तनलाई पनि उनका गीतहरूले सम्बोधन गरेका छन् । मानिस आफू बाँच्नु भनेको समाज, कला, संस्कृति, भाषा, धर्म, भेषभूषा र रीतिथितिसँग बाँच्नु हो । त्यसले नै मानिसलाई एकअर्कामा भिन्न बनाएर राखेको हुन्छ । त्यो भिन्नतालाई मानिस माया गर्छ । जीवनको यो यथार्थलाई उनका गीतहरूमा उनिएको छ । जीवन असीमित चाहनाहरूको साझा नाम हो । विचारहरू उत्पादन हुने मौलिक कारखानाहरूको नाम पनि जीवन हो । तर जीवनको गति एउटै हुँदैन । जीवनका यी अनेक वास्तविकता पनि अज्ञातका गीतमा अभिव्यक्त भएका छन् । उनले जीवनमा भोगेका, देखेका र महसुस गरेका विषयहरूले नै गीतको आकार ग्रहण गरेका छन् । उनका गीतमा जीवनको कथा छ, प्रेम छ, जीवन दर्शन छ र समग्रमा जीवनको अर्थ छ (अज्ञातः २०६९:४) । देशभित्रको एकता कायम राख्न उनका गीतहरूले आह्वान गरेका छन् । देशप्रतिको ममतामाथि पनि उनका गीतहरू सिर्जित छन् । नागरिक अधिकार, शासक र शासितबिचको द्वन्द्वजस्ता विषयवस्तु पनि उनका गीतभित्र समेटिएका छन् । लोक र आधुनिक दुवै शैलीलाई अन्तर्मिश्रण गरी हृदयको भाव लेख्ने गीतकार वसन्तका गीतमा नेपाली ढुकढुकीको समसामयिक आवाज छ (खत्री, २०७१:२) । अज्ञातले महिमामण्डित गीतको आराधना गरेका छन् र मायाप्रेमको भावनालाई उनेका छन् (गिरी, २०७०:२०) समग्रमा उनका गीतहरूले जीवनको विभिन्न लयलाई आत्मसात् गरेका छन् । दुःखका सुसेलीदेखि सुखको सारेगमसम्म उनका गीतभित्र पाउन सकिन्छ ।

**७. निष्कर्ष**

वसन्तराज अज्ञातको गीतसङ्ग्रहमा लक्षणाको प्रयोगलाई निकै महत्त्व दिइएको छ । लक्षणा मूलतः कुनै साहित्यिक पाठको भाषाशास्त्रीय अध्ययन प्रतीत हुन्छ । साहित्यमा प्रयुक्त हुने आलङ्कारिक भाषाको अर्थवैज्ञानिक अध्ययनको नजिक लक्षणाको अध्ययन रहेको पाइन्छ किनभने यसले साहित्यिक पाठमा भएको विषयवस्तुको गम्भीर समीक्षा गर्दैन बरु मुख्यार्थमा बाधा पारेर प्रयोग गरिने आलङ्कारिक भाषाको अर्थवैज्ञानिक अध्ययन गर्दछ त्यसैले लक्षणाशक्तिलाई वक्ताको अधिकारसापेक्ष मानिन्छ र यसैलाई प्रयोजनविवक्षा पनि भनिन्छ । तास्थ्य, ताद्धर्म्य, तत्समीप्य, तत्साहचर्य र तादर्थ्यलाई लक्षणापञ्चक भनिन्छ । यी लक्षणापञ्चकको प्रयोग वसन्तराज अज्ञातको गीतसङ्ग्रह ‘मखमली दरबार’मा भएको छ । गीतमा मूलतः व्यञ्जनाको भन्दा अभिधा र लक्षणाकै प्रयोगलाई उपयुक्त मानिन्छ किनभने गीतको मौलिकता भन्नु नै गेयात्मकता हो । पठनीयभन्दा श्रवणीय गुण बढी भएकाले गीतमा अवान्तर अर्थको अपेक्षा कम रहन्छ । गीत आफैँमा साहित्यको विधा पनि भएकाले भाषामा आलङ्कारिकताको अपेक्षा रहनु स्वाभाविक छ । यस अर्थमा भन्ने हो भने गीतमा सर्वाधिक उपयुक्त प्रयोग नै लक्षणाको हुन्छ । त्यसैले पनि अज्ञातका गीतमा लक्षणाको प्रयोगलाई निकै महत्त्व दिएको

देखिन्छ । रूढि लक्षणा, सारोपा गौणी लक्षणा, साध्यावसाना गौणी लक्षणा, शुद्धा उपादान सारोपा लक्षणा, शुद्धा साध्यवसाना उपादान लक्षणा, शुद्धा सारोपा लक्षण लक्षणा तथा शुद्धा लक्षण साध्यवसाना लक्षणाजस्ता विविध लक्षणाको प्रयोग 'मखमली दरबार'भित्रका गीतहरूमा भएको छ ।

**सन्दर्भ सामग्री**


अज्ञात, वसन्तराज (२०६९) ***मखमली दरबार,*** काठमाडौँ : नेपाली वाङ्मय परिषद्

आप्टे, वामन शिवराम (२०५८) ***संस्कृत हिन्दी शब्दकोश,*** वाराणसी : मोतीलाल बनारसी दास

खत्री, अरुणबहादुर (२०७१ वैशाख २०) केही पाइला केही अनूभूति ***कमाण्डर पोस्ट,*** काठमाडौँ

गिरी, आशा (२०७० चैत्र-वैशाख) उघ्रियो मखमली दरबार, ***सहर*** अङ्क १/२, भक्तपुर

भट्टाचार्य, कान्तिचन्द (२०५७) ***काव्यदीपिका*** (टीकाकार वेणिमाधव ढकाल) काठमाडौँ : श्रीमती प्रभालक्ष्मी राणा

झा, नरेश (सम्पा.) (२०६५) ***पाणिनीय धातुपाठ,*** वाराणसी : चौखम्बा सुरभारती प्रकाशन

थापा, मोहन हिमांशु, (२०५०) ***साहित्य परिचय,*** ललितपुर : साझा प्रकाशन

मम्मट (२०४२) ***काव्यप्रकाश*** (व्याख्या : आचार्य विश्वेश्वर सिद्धान्त शिरोमणि) छै.सं., वाराणसी : ज्ञानमण्डल लिमिटेड

मिश्र, शाभाकान्त (२०४३) ***शब्दार्थतत्त्व,*** पटना : विहार हिन्दी ग्रन्थ अकादमी

विश्वनाथ (२०५४)***साहित्य दर्पण*** (व्याख्या : सत्यव्रत सिंह) वाराणसी : चौखम्वा विद्या भवन ।